**अनुसूची–२**

**कार्यविधिको दफा २,७ सँग सम्बन्धित**

# तुलसीपुर उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, तुलसीपुर दाङ

## लुम्बिनी प्रदेश, नेपाल

## (आयोजना सम्झौता फाराम)

१. आयोजनाको विवरणः

क) आयोजनाको नाम र ठेगाना : ख) वडा नं.:

ग) आयोजना स्विकृत गर्ने निकायः (आ.व. २०७७/०७८)

घ) आयोजना संझौता भएको मितिः २०७ । ।

ङ) आयोजना शुरु हुने मिति : २०७ । । च) सम्पन्न हुने मिति : २०७ । ।

छ) आयोजनाको उद्धेश्य, लक्ष्य :-

२. आयोजनाको लागत सम्बन्धि विवरणः

क) कुल लागत अनुमान रु. (ख) उ.म.न.पा.बाट रु. (ग) उपभोक्ता समिति बाट रु.

३. बस्तुगत अनुदानको विवरणः

क) संघ (केन्द्र) सरकारबाट रु. ख) प्रदेश सरकारबाट रु. ग) स्थानीय तहबाट रु.

४. आयोजनाबाट लाभान्वित हुने : (क) जम्मा घरपरिवार संख्याः (ख) जम्मा जनसंख्याः

५. उपभोक्ता समिति गठन भएको मितिः २०७ । उपभोक्ता समिति गठन गर्दा उपस्थित लाभान्वित संख्याः

क) उपभोक्ता समितिका पदाधिकारीको नाम र ठेगानाः-

१.अध्यक्ष श्री २.सचिव श्री ३.कोषाध्यक्ष श्री
४.सदस्य श्री ५.सदस्य श्री ६. सदस्य श्री
७. सदस्य श्री ८. सदस्य श्री ९.सदस्य श्री
१०.सदस्य श्री ११.सदस्य श्री

### (क) सम्झौताका शर्तहरु (उपभोक्ता समिति संग सम्बन्धित) :

१. प्राप्त रकम तथा निर्माण सामाग्री सम्बन्धित योजना वा आयोजनाको उद्धेश्य प्राप्त गर्नका लागि मात्र प्रयोग गर्नु पर्नेछ।

२. आम्दानी, खर्च तथा कार्य प्रगतिको विवरण (प्रतिवेदन) उपभोक्ता समुहमा छलफल तथा पारित गराई किस्ता माग गर्नु पर्नेछ

३. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा योजना/आयोजनाको प्रगती विवरण अभिलेख तयार गरी राख्नु पर्नेछ।

४. सम्झौता अनुसारको कुल अनुमान लागत भन्दा घटी लागतमा योजना/आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन/दिनु पर्नेछ।

५. सम्झौता तथा कार्य आदेशमा उल्लेख भए भन्दा बढी (थप) वा बाहेकको योजना/आयोजना/काम वापतको रकम उपभोक्ता समितिले भुक्तानीका लागि माग गर्ने तथा कार्यालयले भुक्तानी दिन सक्ने छैन। उपभोक्ता समितिले स्वीकृत सम्झौता, लागत अनुमान तथा प्राविधिकको राय, परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्नेछ।

६. आयोजना सञ्चालन (कार्यान्वयन) गर्ने पक्ष (उपभोक्ता समिति) ले आयोजनाको मर्मत संभारको व्यवस्था आफै गर्नु पर्नेछ।

७. उपभोक्ता समितिले आयोजना सँग सम्बन्धित विल, भरपाई, डोरहाजिरी फारामहरु, जिन्सी, नगदी खाताहरु, समुहको निर्णय पुस्तिका आदी कागजातहरु कार्यालयले मागेको बखत उपलब्ध गराउनु पर्नेछ। साथै काम सम्पन्न गरी सकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत सम्भार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्बन्धित कार्यालयलाई उक्त सामान बुझाउनु पर्नेछ।

८. सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि सामान्यत निम्नानुसार कागजात पेश गर्नु पर्नेछ :

- कार्यसम्पन्न प्रतिवेदन, उपभोक्ता विल, नापी किताव, प्रमाणित विल, भरपाई र आयोजना सम्पन्न भएको फोटो।
- आयोजना सञ्चालन गर्दा भएको खर्चको आय व्ययको अनुमोदनका साथ समितिको प्रमाणित निर्णय प्रतिलिपि।
- खर्च तथा उपलब्धी सम्बन्धमा उपभोक्ता भेला वा सार्वजनिक सुनुवाई, कार्यक्रमको उपस्थिति हाजीरी तथा निर्णयको प्रमाणित प्रतिलिपि।
- कार्यालयबाट नियमानुसार भएको अनुगमन तथा सुपरिवेक्षण, जाँचपासको प्रतिवेदन प्रतिहरु।
- नियमानुसार तोकिए बमोजिमका अन्य कागजातहरु।

९. प्रत्येक चौमासिक तथा वार्षिक रुपमा आयोजनाको भौतिक तथा खर्चको विवरण पेश गर्नु पर्नेछ।

१०. आयोजना सम्पन्न भएपछि मात्र फरफारक गर्नु पर्नेछ ।
११. मुल्य अभिवृद्धि कर (VAT) लाग्ने वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य भ्याट विल पेश गर्नु पर्नेछ ।
१२. मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता हुन सम्भव नभएका व्यवसायिहरुसँग निर्माण सामग्री खरीद भएको भएमा PAN दर्ता भएका व्यवसायी सँग अनिवार्य रुपमा रु.२०,०००।– (वीस हजार) भन्दा कमको मात्र विल पेश गर्नु पर्नेछ ।
१३. मेशीनरी, डोजर, रोलर, बस, गाडी, घरभाडा, टेक्टर ढुवानी अन्य वस्तु तथा सामग्रीको प्रयोग गरेको अवस्थामा भाडाकर १०% (दश प्रतिशत) कर कट्टी गरि भुक्तानी हुनेछ ।
१४. उपभोक्ता समितिले निर्माण गर्न नसक्ने तर आयोजनाको लागि खरिद गर्नु पर्ने अवस्थामा उपभोक्ता समितिले सार्वजनिक खरिद ऐन, नियमावली अनुसार घटाघट गराई घटी दर रेटवाला पक्षबाट खरिद गरेको हुनु पर्ने छ ।
१५. उपभोक्ता समितिले कार्यालयसँगको सम्झौता बमोजिम कार्य गर्नुपर्ने आयोजनाको काम आफैले नगरि अन्य निर्माण व्यवसायी, व्यक्ति वा संस्थालाई ठेक्कामा दिई कार्यान्वयन गरको पाईएमा उपभोक्ता समितिसँगको सम्झौता नियमानुसार रद्ध गर्न सकिनेछ ।
१६. निर्माण कार्य संग खरिदको कार्य समेत गर्नुपर्ने व्यवस्थामा सार्वजनिक खरिद ऐन अनुसार उपभोक्ता समितिले सम्पूर्ण Oversight Agency तथा सार्वजनिक उत्तरदायीत्व बहन गरि निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ ।

## ख) सम्झौताका शर्तहरु (कार्यालय संग सम्बन्धित)

१. आयोजनाको बजेट उपभोक्ता समितिको काम, कर्तव्य तथा अधिकार, खरिद, लेखाकंन, प्रतिवेदन आदि विषयमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम संचालन गर्न सकिनेछ ।
२. आयोजनामा आवश्यक प्राविधिक सहयोग सामान्यत कार्यालयबाट उपलब्ध गराउनु पर्नेछ तर नसकिने अवस्था भएमा उपभोक्ता समितिलाई नियमानुसार प्राविधिक सेवा लिन परामर्श दिन वा अन्य तरिका अपनाउनु पर्नेछ ।
३. आयोजनाको प्राविधिक सुपरिवेक्षणको लागि कार्यालयको तर्फ बाट प्राविधिक खटाउनु पर्नेछ । उपभोक्ता समितिबाट भएको कामको नियमित सुपरिवेक्षण गर्ने जिम्मेवारी तोकिएको प्राविधिकको हुनेछ ।
४. पेश्की लिएर लामो समय सम्म आयोजना सञ्चालन नगर्ने उपभोक्ता समितिलाई कार्यालयले नियमानुसार कारवाही गर्ने छ ।
५. श्रममुलक प्रविधिबाट काम गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गर्ने तर हेभी मेशिनरी उपकरण (श्रममुलक प्रविधिबाट कार्य हुन सक्ने अवस्थामा प्रयोग भएका हेभी मेसिनरी उपकरण) को प्रयोगबाट काम गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसँग सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भूक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ ।
६. आयोजना सम्पन्न भएपछि वडा कार्यालयबाट जाँचपास गरी फरफारक गर्नु पर्नेछ ।
७. नियमानुसार आवश्यक सबै कागजात संलग्न गरी भुक्तानी उपलब्ध गराउन उपभोक्ता समितिबाट अनुरोध भई आएपछि उपभोक्ता समितिको बैंक खातामा कार्यालयले भुक्तानी दिनु पर्नेछ ।
८. सम्झौता पत्रमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।
९. सम्झौता पत्रमा उल्लेख भए बमोजिमका सबै शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर गर्दछौं ।

| **उपभोक्ता समितिको तर्फबाट :** | **योजना शाखाको तर्फबाटः** | **लेखा शाखाको तर्फ बाट** |
|---|---|---|
| दस्तखत : .................. | दस्तखत : ................. | दस्तखत : ................. |
| नाम,थर : | नाम,थरः | नाम,थरः |
| पद :उ.स.अ. | पद : | पद : |
| सम्पर्क नं. | | |
| मितिः २०७ । । | | |

**स्विकृत गर्ने**
नाम,थर :
पद :

**अनुसूचि-८**

**कार्यविधिको दफा १९ संग सम्बन्धित**

## तुलसीपुर उपमहानगरपालिका

**नगरकार्यपालिकाको कार्यालय, तुलसीपुर दाङ**

**लुम्बिनी प्रदेश, नेपाल**

# कबुलियत फाराम

लिखितम दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं. ..... बस्ने श्री .................... को नाति .............. को छोरा वडा नं ..... को उपभोक्ता समितिका अध्यक्ष वर्ष ...... को म श्री ................ आगे तुलसीपुर उपमहानगरपालिका वडा नं. ... स्थित .................................................. आयोजनाको कार्यान्वयन गर्न लाग्ने कुल लागत अनुमान .................... मध्ये तुलसीपुर उपमहानगरपालिकाको अनुदान रु. .................... र बाँकी रु. ................. जनश्रमबाट मिति **२०७ ।** मा योजना सम्पन्न गर्न मञ्जुर भई यो करारनामा कागज गरि दिएका छौ । आयोजनामा लागेका सामान र रकम सम्बन्धित आयोजना बाहेक अन्यत्र लगाउने वा खर्च गर्ने छैनौ । सम्बन्धित प्राविधिकको राय, सल्लाह बमोजिम स्वीकृत आयोजना, रकम र लागत अनुमान बमोजिम तोकिएको मिति भित्र आयोजना सम्पन्न गराउने छौ । सम्झौता तथा कार्य आदेशमा उल्लेख भए भन्दा बढी (थप) वा बाहेकको आयोजना/काम वापतको रकम उपभोक्ता समितिले भुक्तानीका लागि माग गर्ने छैन तथा कार्यालयले भुक्तानी दिन बाध्य हुने छैन । उपभोक्ता समितिले स्वीकृत सम्झौता, लागत अनुमान तथा प्राविधिकको राय, परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्नेछ । आयोजना सम्पन्न भईसके पछि त्यसको मर्मत सम्भार समेत उपभोक्ता समितिकै तर्फबाट गराउने छौ । तोकिएको समयमा आयोजना सम्पन्न गर्न नसकि रकम हिनामिना गरेमा यसै कागजको प्रमाण लगाई हामीले बुझिलिएको रकम र सामानहरु मेरा जायजेथा बाट असुल उपर गरि लिएमा मेरो मञ्जुरी छ, पछि कुनै किसिमको उजुर गर्ने छैन भनि यो कागज लेखी तुलसीपुर उपमहानगरपालिकाको कार्यालय तुलसीपुर, दाङमा चढायौं ।

| **नाम ,थर** | **दस्तखत** | | **ल्याप्चे** |
|---|---|---|---|
| अध्यक्ष श्री | .............. | दाँया | बाँया |
| सचिव श्री | .............. | दाँया | बाँया |
| कोषाध्यक्ष श्री | .............. | दाँया | बाँया |

ईति सम्वत २०७ ......... गते रोज शुभम् ।

# कबुलियतीनामा

लिखितम दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं. ......बस्ने ․............. को नाति .......... को छोरा वडा नं. ...... को .................... निर्माण उपभोक्ता समितिका अध्यक्ष वर्ष ........ को म ........ लगाएत तपसिल बमोजिमका उपभोक्ता समितिका हामीहरु आगे तुलसीपुर उपमहानगरपालिका आयोजनाको कार्यान्वयन गर्न लागत रु. ......... मध्ये तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको बजेट अनुदान रु. ............र बाँकी रु. .........जनश्रमदानबाट मिति **२०७ ।** मा आयोजना सम्पन्न गर्न मञ्जुर भई कबुलियतनामा कागज गरि दियौं । आयोजनामा लागेका सामान र रकम सम्बन्धित आयोजना बाहेक अन्यत्र खर्च गरेका छैनौ । सम्बन्धित प्राविधिकको राय सल्लाह बमोजिम स्वीकृत आयोजना रकम र लागत अनुमान बमोजिम तोकिएको मिति भित्र आयोजना सम्पन्न गरेका छौं । आयोजनाको अनुगमन मुल्यांकन भएको छ । यसै आयोजनाका आधारमा कुनै दोहोरो पर्ने गरि अन्य कुनै निकाय वा श्रोतबाट भुक्तानी लिएका छैनौं । आयोजना छनौट सञ्चालन र कार्यान्वयनमा कुनै हिनामिना भएको आर्थिक मस्यौट भएको छैन । यस आयोजनाको रकम दोहोरो पर्ने गरि अन्य सरकारी कार्यालय बाट भुक्तानी लिएका छैनौ । उपर्यूक्त व्यहोरा झुठा ठहरेमा प्रचलित कानुन बमोजिम सम्पूर्ण दायित्व बहन गर्न तथा सजाय भोग्न स्वच्छाले मञ्जुर भई यस कबुलियती कागज लेखि सहिछाप गरि तुलसीपुर उपमहानगपालिका नगर कार्यपालिकाको कार्यालयमा चढायौ ।

तपसिल

भूक्तानी लिएको रकम रु.

| सि.नं. | नाम,थर | पद | दस्तखत | दाँया | बाँया |
|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | |
| २ | | सचिव | | | |
| ३ | | कोषाध्यक्ष | | | |

ईति सम्बत २०७ .... महिना गते रोज शुभम् ।

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तुलसीपुर, दाङ
### लुम्बिनी प्रदेश, नेपाल

पत्रसंख्या :२०७ /०७ (योजना तथा बजेट शाखा) मिति :२०७७/ /
चलानी नम्वर :

**विषय: योजना हस्तान्तरण सम्बन्धमा ।**

श्री ..................................
उपभोक्ता समिति, तुलसीपुर उपमहानगरपालिका

आ.व. २०७ /०७ को सातौ नगर सभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार तुलसीपुर उपमहानगरपालिका अन्तर्गत वडा नं. ....... स्थित ...................... आयोजनाको लागि लागत अनुमान रु. ............... र तुलसीपुर उपमहानगरपालिकाको रु. .............अनुदान बाट मिति ................ मा कार्य सम्पन्न गर्ने गरि मिति ................ उपभोक्ता समिति र यस कार्यालय बिच सम्झौता भएकोमा प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन र अनुगमन तथा जाँचपास समितिको कार्य सम्पन्न प्रतिवेदन अनुसार सम्पन्न आयोजनाको सम्बन्धित उपभोक्ताहरुले योजनाको रेखदेख र मर्मत सम्भारको जिम्मेवारी उपभोक्ता हरुले जिम्मा लिने गरि योजना हस्तारन्तरण गरियो ।

वोधार्थ
श्री ..... नं. वडा कार्यालय ........................
तुलसीपुर दाङ

आज मिति .......................गतेका दिन आ.व. २०७ /०७ मा तुलसीुर उपमहानगरपालिका नगर कार्यपालिका अन्तर्गत सञ्चालन गरिएका विशेषत ७ (सात) लाख भन्दा कम लागत अनुमान स्वीकृत भई सम्झौता/कार्यआदेश/शोधभर्ना हुने आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गरि जाँचपास, फरफारक स्वीकृती तथा सिफारिस प्रयोजनका लागि कार्यपालिकाबाट गठित योजना अनुगमन, सुपरिवेक्षण, जाँचपास तथा फरफारक समितिका संयोजक श्री ..............................को संयोजकत्वमा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा समितिको बैठक बसी तपसिल बमोजिम निर्णय गरियो ।

## उपस्थिति

श्री ...................................   संयोजक

श्री ...................................   सदस्य

श्री ....................................   सदस्य

श्री ...................................   सदस्य

श्री ...................................   सदस्य

श्री ...................................   सदस्य सचिव

**प्रस्ताव नं. १**

योजना तथा कार्यक्रमको अनुगमन जाँचपास फरफारक तथा रकम भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ मा छलफल गर्दा तुलसीपुर उपमहागरपालिकाको आ.व. २०७ /०७ को नगर सभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको तपसिल बमोजिमका योजनाहरुको कार्य सम्पन्न भै प्राविधिकबाट कार्यसम्पन्न मूल्यांकन पश्चात पेश भएको कार्य सम्पन्न प्रतिवेदन बमोजिम योजनाहरुको स्थलगत अनुगमन जाँचपास तथा निरीक्षण गर्दा कार्य सम्पन्न भएका योजनाहरु लागत अनुमान तथा योजना मुताविक सम्पन्न भएकोले उक्त योजनाहरुको रकम भुक्तानी गर्न उपयूक्त देखिएकाले रकम भुक्तानीका सिफारिस गर्ने निर्णय गरियो ।

## तपसिल

| सि.नं. | आयोजनाको नाम, ठेगाना | वडा नं. | लागत अनुमान रु. | तु.उ.म.न.पा अनुदान/ वडा कार्यालय | कार्य सम्पन्न मूल्यांकन रु. | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

आज मिति .......................गतेका दिन आ.व. २०७ /०७ मा तुलसीुर उपमहानगरपालिका नगर कार्यपालिका अन्तर्गत सञ्चालन गरिएका विशेषत ७ लाख भन्दा बढी लागत अनुमान स्वीकृत भई सम्झौता/कार्यआदेश/शोधभर्ना हुन आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गरि जाँचपास, फरफारक स्वीकृती तथा सिफारिस प्रयोजनका लागि कार्यपालिकाबाट गठित योजना अनुगमन, सुपरिवेक्षण, जाँचपास तथा फरफारक समितिका संयोजक श्री माया शर्माको संयोजकत्वमा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा समितिको बैठक बसी तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री माया शर्मा | संयोजक | |
| श्री ............................................ | सदस्य | (सम्बन्धित वडा अध्यक्ष) |
| श्री अमर नेपाली “माइकल” का.पा. सदस्य | सदस्य | |
| श्री .......................................... | सदस्य सचिव | (प्र.प्र.अधिकृतले तोकेको ईन्जिनियर) |

..........................................
...........................................
...........................................

**प्रस्ताव नं. १**

योजना तथा कार्यक्रमको अनुगमन जाँचपास फरफारक तथा रकम भुक्तानी सम्बन्धमा ।

## निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा तुलसीपुर उपमहागरपालिकाको आ.व. २०७ /०७ को नगर सभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको तपसिल बमोजिमका योजनाहरुको कार्य सम्पन्न भै प्राविधिकबाट मूल्यांकन पश्चात पेश भएको कार्य सम्पन्न प्रतिवेदन बमोजिम योजनाहरुको स्थलगत अनुगमन जाँचपास तथा निरीक्षण गर्दा कार्य सम्पन्न भएका योजनाहरु लागत अनुमान तथा योजना मुताविक सम्पन्न भएकोले उक्त योजनाहरुको रकम भुक्तानी गर्न उपयूक्त देखिएकाले तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई रकम भुक्तानीका लागि स्वीकृती तथा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | आयोजनाको नाम, ठेगाना | वडा नं. | लागत अनुमान रु. | तु.उ.म.न.पा अनुदान/ वडा कार्यालय | कार्य सम्पन्न मूल्यांकन रुं | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |